स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी वैशाख ११ गतेबाट हलमा लाग्ने फिल्म 'परालको आगो'को गीत 'निम्तो सुपारी' सार्वजनिक भएको छ। सत्यराज आचार्य र मेलिना राईको स्वर रहेको गीतमा सङ्गीत सत्य र स्वरुप आचार्यले दिएका छन्। सुरेन्द्र रानाको शब्द गीतमा छ। गीतकोमा फिल्मका मुख्य कलाकार सुहाना थापा,प्रकाश सपुतको जोडी देखिएका छन् भने अर्का जोडी सौगात मल्ल र सिर्जना अधिकारी देखिएका छन्। उनीहरुको केमेष्ट्री मिलेको देखिन्छ।

**आजको विचार...**



मध्यपूर्व...
(दुई पेजमा)

बाबुराम दहाल

अशोक शर्माको निर्देशनमा अहिले फिल्म 'डबल ट्रिपल' को छायांकन पूर्वी नेपालको झापामा भैरहेको छ। एकसातामा फिल्म छायांकन जनाइएको छ। यो फिल्मको छायांकन सेटबाट केही ताजा तस्वीर बाहिरिएका छन्, जसले शीर्ष कलाकारको क्यारेक्टर लुक्स पनि सार्वजनिक भएको छ। फोटोअनुसार, मिरुनालाई नेपाल प्रहरीको भूमिकामा देख्न सकिन्छ। खगेन्द्र लामिछाने डनको भूमिकामा देखिनेछन्। सेटमा दयाहाङ राई र राजाराम पौड्याललाई पनि देख्न सकिन्छ।



❒ वर्ष ३१ ❒ अंक २५४ ❒ २०८२ चैत २९ गते आइतबार 12 April 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा सातको मृत्यु

**(रासस/एएफपी)**

**गाजा,** चैत २८/गाजाको नागरिक रक्षा तथा उद्धार सेवाले शनिबार प्यालेस्टिनी क्षेत्रमा भएको इजरायली हवाई आक्रमणमा परी सात जनाको मृत्यु भएको बताएको छ । अल-बुरेज शरणार्थी शिविरमा रहेको प्रहरी चौकी नजिकै इजरायलले दुईवटा क्षेप्यास्त्र प्रहार गरेको बताइएको छ । मध्य गाजाको अल-अक्सा अस्पतालमा छ जनाको शव आएको र सात जना घाइतेहरु उपचारको लागि आएको उल्लेख गरिएको छ भने घाइते मध्य चार जनाको अवस्था गम्भीर रहेको बताएको छ । नजिकैको अल-अवदा अस्पतालमा एक जनाको मृत्यु भएको र दुई जना घाइते भएको बताइएको छ । सन् २०२३ देखि सुरु भएको सीमापार आक्रमणको दुई वर्ष पछि अक्टोबर-१० देखि लागु भएको युद्धविराम उल्लैन गरेको आरोप इजरायल र हमासले एक-अर्कालाई लगाउदै आएका छन् । युद्धविराम सुरु भए देखि कम्तिमा ७३८ प्यालेस्टिनीहरू मारिएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसैबीच इजरायली सेनाले युद्धविराम सुरु भए देखि पाँच जना सैनिक मारिएको जनाएको छ । गाजामा मिडिया प्रतिबन्ध कारण अन्तर्राष्ट्रिय प्रेसलाई अझै पनि इजरायली अधिकारीहरूले प्रवेश गर्न प्रतिबन्ध लगाएको एएफपीले जनाइएको छ ।

# गुल्मीको प्रसिद्ध धार्मिकस्थल 'कुर्घा मालीका मन्दिर' ओझेलमा

**रासस/हाम्रा संवाददाता**

**गुल्मी,** चैत२८/जिल्लाको महत्वपूर्ण धार्मिक तथा पर्यटकीयस्थलका रूपमा रहेको कुर्घा मालीका मन्दिर प्रचार-प्रसारको अभावमा अझै पनि ओझेलमा परेको छ । मुसिकोट नगरपालिका-६ अन्तर्गत कुर्घामा रहेको यस मन्दिरको भिन्नै महत्व र विशेषता रहेको छ । उक्त मन्दिरको मुख्य विशेषता भनेको जोकोही व्यक्तिले पनि वर मागदा चिच्याएर माग्ने अनौठो परम्परा रहेको छ । जिल्लाको धार्मिक आस्था केन्द्रको रूपमा रहेको कुर्घा मालीका मन्दिरमा विभिन्न तिथि तथा पर्वमा ठूलो मेला लाग्ने गर्दछ ।

पछिल्लो समय मन्दिरको पुन:निर्माणसँगै यहाँ पुग्ने भक्तजन तथा पर्यटकको संख्या क्रमश: बढ्दै गएको भए पनि यसको महत्वअनुसार प्रचार हुन नसकेको स्थानीयवासीको गुनासो छ । मन्दिर परिसर वरिपरि देखिने मनमोहक प्राकृतिक दृश्य यहाँको मुख्य आकर्षण मानिन्छ । अझ रोचक पक्ष भनेको मन्दिरमा पूजा-आराधना गरेपछि वर मागदा चिच्याएर माग्नुपर्ने परम्परा हो । स्थानीयका अनुसार मालीका देवीले कान कम सुन्ने विश्वासका कारण यहाँ वर मागदा चिच्याउनै पर्ने प्रचलन छ । यस मन्दिरमा गुल्मी जिल्लाका साथै अर्घाखाँची, बाग्लुङ, प्युठान, बुटवल, काठमाडौँलगायत विभिन्न क्षेत्रबाट श्रद्धालु आउने गर्दछन् । यहाँ भाकल गरेपछि मनोकामना पूरा हुने धार्मिक विश्वास छ । भाकल पूरा भएपछि पुन: मन्दिरमै आएर बली चढाउने परम्परा रहेको छ । मन्दिरसँगै जोडिएको चट्टानबाट बाह्रै महिना पानी बगिरहने यहाँको अर्को मुख्य आकर्षणको रूपमा रहेको छ । सोही पानीबाट बनेको सानो कुण्ड र त्यसमा रहेका रङ्गीविरङ्गी माछाको दृश्यले पर्यटकलाई थप आकर्षित बनाउँछ । विशेषगरी बैकुण्ठ चतुर्दशी र कार्तिक शुक्ल चतुर्दशीका दिन यहाँ हजारौँ भक्तजनको भीड लाग्ने गर्दछ । पौराणिक मान्यताअनुसार करिब पाँच हजार वर्षअघि यस क्षेत्रको उत्पत्ति भएको विश्वास गरिन्छ । यस क्षेत्रमा किम्मु, बर र सिमलका रुखमुनि माल्याश्री ऋषिले तपस्या गरेको किंवदन्ती छ । पानीको अभाव हुँदा देवी मालीका भगवती प्रकट भई जलकुण्ड सिर्जना गरेर जीवजन्तुको रक्षा गरेको भन्ने जनविश्वास रहिआएको छ । त्यसका अतिरिक्त श्री स्वस्थानी व्रत कथामा पनि यसलाई शक्तिपीठका रूपमा उल्लेख गरिएको पाइन्छ । जसका कारण माघ महिनामा यहाँ बली चढ्दैन । पर्यटकीय दृष्टिले पनि मालीका क्षेत्र महत्वपूर्ण मानिन्छ । मन्दिर नजिकै सञ्चालनमा रहेको स्वाँरा होमस्टेमा पुगेर आगन्तुकले स्थानीय परिकारको स्वाद लिन सक्ने व्यवस्था छ । मालीका क्षेत्रको विकासका लागि मुसिकोट नगरपालिका तथा प्रदेश सरकारबाट सडक, खानेपानी तथा मन्दिर पुन:निर्माणलगायतका क्षेत्रमा सहयोग भइरहेको मुसिकोट नगरपालिकाका प्रमुख जीवलाल खरेलले बताए । पछिल्लो समयमा मुसिकोट नगरपालिकामा रहेको मालीका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्नुपर्नेमा स्थानीयले जोड दिएका छन् । तर यस मन्दिरको आफैँमा भिन्नै प्रकारको महत्व हुँदाहुँदै पनि प्रचार-प्रशारको हुन नसकेका कारण बत्ती मुनिको अँध्यारो जस्तै बनेको स्थानीय ज्ञानहरी सापकोटाले बताए ।



## पाल्पा काँग्रेसले सुरु गर्‍यो 'जरा अभियान'

**पाल्पा,** चैत २८/ नेपाली काँग्रेस पाल्पाले 'जरा अभियान' सुरु गरेको छ । केन्द्रीय समितिको परिपत्र अनुसार काँग्रेसले जिल्ला कार्यसमितिको बैंठक बसी गत विहिबारदेखि जिल्लामा अभियान सुरु गरेको हो ।

पार्टी संगठनलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउन पार्टीको तल्लो तहसम्म पुग्ने गरी 'एकमहिने जरा अभियान' सञ्चालन गरिएको जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । अभियानअन्तर्गत क्रियाशील सदस्यता अद्यावधिक गर्ने, पार्टीको सांगठनिक गतिविधिको विश्लेषण गर्ने, जनतासँग, युवासँग र पार्टी बाहिरका शुभेच्छुकसँग निर्वाचनको समीक्षात्मक कार्यक्रम गरिने उनले एनजेडीलाई जानकारी दिए । सभापति श्रेष्ठले भने, "सामाजिक र सिर्जनात्मक अभियान सञ्चालन गर्ने तथा स्थानीय सरकार सञ्चालन र आगामी बजेट निर्माणसँग सम्बन्धित मार्ग निर्देशन एवं सहजीकरण गर्नु जरा अभियानको उद्देश्य रहेको छ ।" कांग्रेसले अभियानका लागि अभिमुखीकरण कार्यक्रम समेत गरेको छ । प्राध्यापकहरु पुष्कर आचार्य र पुष्करराज रेग्मीले अभियान सम्बन्धी प्रशिक्षण दिएका थिए । केन्द्रीय समितिले अभियानका लागि पाल्पामा अर्घाखाँचीकी निर्मला क्षेत्री र रुपन्देहीका हरिप्रसाद न्यौपानेलाई खटाएको छ । काँग्रेस केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिंहले अभियानलाई सार्थक पार्न सबै नेता कार्यकर्ताहरुलाई सक्रिय भएर लाग्न आग्रह गरेका छन् । काँग्रेस पाल्पाले अभिमुखीकरण सँगै पाल्पा-१ बाट नवनिर्वाचित प्रतिनिधि सभा सदस्य सन्दीप राना, पाल्पा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष समीर मान सिंह सहित पदाधिकारी तथा सदस्यहरू, लुम्बिनी प्रदेशको उद्योग वाणिज्य संघ एसोसिएट उपाध्यक्षमा निर्वाचित राजु महर्जन र पार्टी कार्यालयका पूर्व कर्मचारीहरूलाई सम्मान गरेको छ । जिल्ला सभापति हिमाल दत्त श्रेष्ठको अध्यक्षता, उपसभापति ज्ञान बहादुर गाहाको स्वागत, सचिवहरु सन्तोष थापा र सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पूर्वखोलाको सार्वजनिक सुनुवाई : आठ महिनामा के- के गर्‍यो ?

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत २८/जिल्लाको पूर्वखोला गाउँपालिकाले दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । पालिकाले वडा नं. २ जल्पामा घुम्ती सार्वजनिक सुनुवाइमार्फत साउनदेखी फागुनसम्म गरेका गतिविधिहरु सार्वजनिक गरेको हो ।




पालिकाले ८ महिनाको अवधिमा चालु तर्फ ५४ प्रतिशत र पुँजीगततर्फ १६ प्रतिशत बजेट खर्च गरेको छ । उसले १ करोड आन्तरीक आम्दानी गर्ने लक्ष्य राखे पनि हालसम्म २८ लाख रुपैयाँ मात्र आम्दानी गरेको पाइन्छ । पालिकाले यो अवधिमा स्वास्थ्य, शिक्षा, कृषितर्फत थुप्रै काम गरेको जनाएको छ । स्वास्थ्यतर्फ पालिकाले ५ सय ७१ जना विद्यार्थीमा नसर्ने रोग र मानसिक स्वास्थ्यको बारेमा सचेतनात्मक अन्तरक्रिया गरेको, ७ जना मानसिक विद्यार्थीलाई मनोपरामर्श सेवा दिएको, पालिकाका सबै आधारभुत र माध्यमिक विद्यालयका ७ सय ३३ जना किशोरीको रक्तअल्पता परीक्षण गरिएको, एकिकृत घुम्ती शिविरमार्फत ४ सय ४७ जनालाई चेकजाँच, २१ जनालाई इम्प्लान्ट, १ सय ९७ जनालाई भिआइए सेवा, ३ सय ९५ जनालाई एचपिभी डिएनए सेवा, १२ जना पाठेघर खसेका महिलाको उपचार, १० जना भिआइए पोजेटिभलाई सेवा प्रदान गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मानव अन्तरिक्ष विमान दिवसको औचित्य

हरेक वर्ष आज कै दिन अर्थात् अप्रिल १२ तारिखमा अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईंदै छ । सन् १९६१ अप्रिल १२ मा रसियाको स्पेस वैज्ञानिक युरी गागारिनले पहिलो मानव अन्तरिक्ष उडान गरेको स्मरणमा आजका दिनलाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान भएको दिनका रुपमा लिइन्छ । ६५ वर्ष अगाडि अन्तरिक्ष यात्री यूरी गागरीन भोस्तोक १ नामक अन्तरिक्ष विमानमा बसेर पृथ्वीको अर्बिटमा १ सय ८ मिनट एक चक्कर लगाउन सफल भएका थिए । यही दिनले सबै मानवताको हितका लागि अन्तरिक्ष अन्वेषणको लागि मार्ग खुला पारेको थियो । त्यो सुखद् क्षणलाई हरेकमाक्ष स्मरण गराउनका लागि यो दिवस मनाउने गरिएको हो भन्दा फरक पर्दैन् ।

सन २०११ को अप्रिल ७ को संयुक्त राष्ट्रसंघको महासभाको ६५ औं संस्करणले समेत प्रत्येक वर्ष अप्रिल १२ लाई यो दिवसका रुपमा मनाउने निर्णय सदर गरेको थियो । सो निर्णयसँगै विश्वभर यो दिवस मनाउन थालिएको हो । रुसले यस दिवसलाई 'कसमेनोटिक्स डे'का रुपमा मनाउँदछ भने पूर्व सोभियत संघका कतिपय राज्य र ठाउँहरुमा यस दिनलाई यूरी गागरीनको दिवस भनेर पनि मनाउने चलन छ । जे भएपनि यो दिवसको मूल मर्म भनेको मानव अधिकार, स्थायी विकास लक्ष्य प्राप्त गर्न अन्तरिक्ष विज्ञान र प्रविधिको महत्वपूर्ण योगदानलाई विश्वसामु उजागर गर्नु नै हो । यस दिनले मानवको अन्तरिक्ष सपनाको एउटा कोशेढुंगालाई उजागर समेत गरेको छ । अहिलेको युगमा मानिस अन्तरिक्षमा पुग्न सफल हुनुलाई यसको एउटा कडीको रुपमा लिइन्छ । अन्तरिक्ष पनि एउटा रहस्य र अन्वेषण गरिन बाँकी हिस्सा हो । विज्ञान र प्रविधिको सहायताले मानव आज मंगल ग्रह, चन्द्रमा अनि अन्य खगोलीय कुराहरूको ज्ञान लिन र त्यहाँ पुग्न सफल भएको छ । यसलाई अत्यन्त सकरात्मक रुपमा लिनुपर्छ । आजको प्रविधिलाई सही रुपमा प्रयोग गरी देश र जनताका लागि समर्पित हुन पनि आजको दिनले महत्वपूर्ण भूमिका खेल्दछ । यसर्थ आजको दिनमा मानवको अन्तरिक्ष अन्वेषणमा भएका उपलब्धिहरूका बारेमा चर्चासँगै आगामी दिनमा गर्न सकिने सम्भावना चुनौतीहरूका विषयमा व्यापक समिक्षा र छलफल गर्न सकियो भने मात्र यो दिवस मनाउनुको औचित्य रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने छ ।

### Opinion @ Social Network

सुखमा पुगेपछि सबैभन्दा पहिलो निम्तो
उसलाई दिनु जो दुखमा पर्दा बिना निम्तो आएको थियो।
*(अरुन हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Arun.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मध्यपूर्व युद्ध : नेपालमा यसको प्रभाव



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*विश्वका अन्य देशका नागरिकको मात्रै नभएर स्वयम अमेरिकाका नागरिकको दैनिकी बढ्दो मूल्यस्तरका कारण कष्टकर बन्दै गएको छ भने अमेरिकन सरकारको आन्तरिक ऋणको अंश पनि बढ्दै गएको छ । यसको प्रभाव अमेरिकामा मात्रै सिमित नरहेर विश्व विनिमय दर निर्धारण, अन्तराष्ट्रिय व्यापारमा अमेरिकन डलरको प्रयोगका कारण विश्व अर्थतन्त्र र जनताको दैनिकीमा यसको प्रभाव देखिएको छ । विशेष गरेर पछिल्लो इरान र इरइरायलविचको युद्ध, यसमा अमेरिकाको अप्रत्यक्ष संलग्नता, युद्धले तेल उत्पादक देशहरुमा समेत प्रभाव पार्दा नेपाल लगायत विश्वका धेरै देशहरुको जनजीवन प्रभावित पारेको छ । साथै युद्धका कारण तेलको उत्पादन, निर्यात गर्ने देशहरुमा समस्या उत्पन्न भई उत्पादन र बिक्रीमा कमी हुँदा यसले विश्वभर समस्या सिर्जना भएको देखिन्छ जसको कारण पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि हुँदै गएको छ भने यसले मूलयस्तरमा वृद्धि ल्याउँदा जनजीवन प्रभावित हुँदै गएको छ । पछिल्ला दिनहरुमा अमेरिकाको इरान माथिको धम्कीका विच पाकिस्तानको पहलमा इरान-अमेरिका वार्ताका समाचारहरु आएता पनि इरानले अरवीयन देशहरु माथिको हमला रोकिएको छैन् भने विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यले उकालो लागेको लागै छ । यसबाट सबै भन्दा बढी प्रभाव नेपाल जस्ता दयनिय अर्थतन्त्र भएका देशहरुलाई परिरहेको छ ।*

विज्ञानलाई बरदान मान्दै तर्क गर्ने हामी विश्वकै उच्च चेतना भएका प्राणी आज तीनै वैज्ञानिकले विकास गरेका युद्ध सामग्रीकै कारण युद्ध र अशान्तिको भूमरीमा दैनिकी बिताईरहेका छौं । चेतनशिल, शिक्षित र सर्वश्रेष्ठ प्राणीको उपमाहरु गुमाउँदै पशु जस्तै एक अर्काबिच शक्तिको घमण्ड देखाउँदै एकले अर्कोलाई सिध्याउने उद्देश्यमा दैनिकी विताई रहेका छौं भन्दा दुईमत नरहला । युद्धबाटै आफु अनुकुल परिणाम ल्याउन तम्सी रहेका केहि देशहरुका कारण बाँकी विश्वका देशहरुको अवस्था भने कष्टकर बन्दै गहिरहेको छ । यस पक्षमा शक्तिशाली देश र तीनका प्रमुखहरु बेखवर जस्तै देखिन्छन् । विश्वका सबै देशको अर्थतन्त्रमा यसले प्रत्यक्ष अप्रत्यक्ष प्रभाव परिरहेकै छ । कतै जापानको हिरासिंकी र नागासाकीमा जस्तै ठूला देशको जुगाँ र स्वार्थको लडाईले बाँकी विश्वलाई ध्वस्त पार्ने त होईन ? हातहतीयारको गलत प्रयोग हुने त होईन ? तेस्रो विश्व युद्ध सुरु हुने त होईन ? सोचको विषय बनेको देखिन्छ ।

यहाँ मध्यपूर्वका देशहरुको लडाईले सिर्जित कहाँलीलाग्दो र अशान्तिको कुरा मात्रै गर्न खोजिएको होईन् यसले युद्धमै संलग्न नभएका देशहरुलाई कसरी प्रभाव पारिरहेको छ सो विषय पनि उठान् गर्न खोजिएको छ । विशेषत यहाँ मध्यपूर्वका देशहरुको युद्धले विश्वका देशहरु लगायत नेपालमा बढ्दै गएको पेट्रोलिय पदार्थको मूल्यवृद्धि र अभाव, बस्तु तथा सेवाको मूल्यस्तरमा भएको वृद्धि र यसबाट कष्टकर बन्दै गएको जनताको दैनिकी तथा समग्र नेपालको अर्थतन्त्रमा यसको प्रभाव र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

विश्वका देशहरुमा कतै न कतै युद्धका श्रृखला चलिरहेकै छन् । पछिल्लो समय युक्रेन र रुस,इजरायल र हमास, इजरायल र हेजबुल्लाह इजरायल र प्यालेस्टाइनविचको युद्ध लामो समय देखि चलिरहेकै छ । यसले आसपासका देशहरु र जनतामा त्रास सिर्जना गरेता पनि विश्वका अन्य देशलाई खासै प्रभाव पारेको थिएन् । तर पछिल्लो समय इरान - इजरायल देशहरुविचको युद्धले विश्वलाई प्रभाव पारी रहेको छ । यसको मूख्य कारण हो आफुलाई विश्वमै शक्तिशाली देशको रुपमा उभ्याएको अमेरिका र राष्ट्रपति ट्रमको सन्की शैलीले यसलाई थप बढाउदै लगेको छ । उनको यो कदमको विश्वले मात्रै होईन् अमेरिकन हजारौ नागरिक सडकमा निस्केर यस कदमको विरोध गरिरहेका छन् । विश्वका अन्य देशका नागरिकको मात्रै नभएर स्वयम अमेरिकाका नागरिकको दैनिकी बढ्दो मूल्यस्तरका कारण कष्टकर बन्दै गएको छ भने अमेरिकन सरकारको आन्तरिक ऋणको अंश पनि बढ्दै गएको छ । यसको प्रभाव अमेरिकामा मात्रै सिमित नरहेर विश्व विनिमय दर निर्धारण, अन्तराष्ट्रिय व्यापारमा अमेरिकन डलरको प्रयोगका कारण विश्व अर्थतन्त्र र जनताको दैनिकीमा यसको प्रभाव देखिएको छ । विशेष गरेर पछिल्लो इरान र इररायलविचको युद्ध, यसमा अमेरिकाको अप्रत्यक्ष संलग्नता, युद्धले तेल उत्पादक देशहरुमा समेत प्रभाव पार्दा नेपाल लगायत विश्वका धेरै देशहरुको जनजीवन प्रभावित पारेको छ । साथै युद्धका कारण तेलको उत्पादन, निर्यात गर्ने देशहरुमा समस्या उत्पन्न भई उत्पादन र बिक्रीमा कमी हुँदा यसले विश्वभर समस्या सिर्जना भएको देखिन्छ जसको कारण पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि हुँदै गएको छ भने यसले मूलयस्तरमा वृद्धि ल्याउँदा जनजीवन प्रभावित हुँदै गएको छ । पछिल्ला दिनहरुमा अमेरिकाको इरान माथिको धम्कीका विच पाकिस्तानको पहलमा इरान-अमेरिका वार्ताका समाचारहरु आएता पनि इरानले अरवीयन देशहरु माथिको हमला रोकिएको छैन् भने विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यले उकालो लागेको लागै छ । यसबाट सबै भन्दा बढी प्रभाव नेपाल जस्ता दयनिय अर्थतन्त्र भएका देशहरुलाई परिरहेको छ ।

**युद्ध र नेपालमा यसको प्रभाव :** नेपाल विश्वका विभिन्न देशहरुमा भएका युद्धमा संलग्न नहुँदा पनि खुला अर्थतन्त्र र यसको कारण पछिल्लो इरान -इजरायल युद्धको ठूलो क्षति वेहोर्न परिरहेको छ । व्यापारको ठूलो अंश आयातमा निर्भर, रेमिटान्समा आधारित अर्थतन्त्र, वैदेशिक रोजगारीलाई आत्मसाथ गरेको जस्ता कारणले गर्दा नेपाल मध्यपूर्व देशको युद्धका कारण उत्पन्न परिस्थितीबाट अछुतो रहन सकेन् । नेपालमा पनि यस युद्धका प्रभावहरु देखि रहेका छन् । जनजीवन प्रभावित हुँदै गएको देखिन्छ । यसको मूख्य कारण हो दिन प्रति दिन बढ्दै गएको पेट्रोलियम पदार्थको मूल्य जसको प्रभाव र असर हरेक क्षेत्रमा पर्ने गर्दछ । यसले सबै भन्दा बढी प्रभाव उत्पादन लागतमा पर्ने गर्दछ भने लागत बढ्दा मूल्यस्तर बढ्ने गर्दछ । जसले जनजीवनलाई असहज बनाउने गर्दछ । जसको कारण नेपाली बजारमा दैनिक उपभोग्य बस्तु तथा सेवाको मूल्य बढेको छ । जनताको दैनिकी असहज हुँदै गएको देखिन्छ । यसका साथै हवाई उडान, वैदेशिक रोजगारी, रेमिटान्स, मनोवैज्ञानिक असर जस्ता प्रभाव पर्ने देखिन्छ ।

**मुख्य प्रभावहरु :**

-यातायातका साधनको भाडा दरमा वृद्धि ।
-उत्पादनको ढुवानी लागतमा वृद्धि ।
-मूल्यस्तरमा वृद्धि ।
-रोजगारीमा कटौती ।
-योजना लागतमा वृद्धि ।
-वैदेशिक रोजगारी दरमा कमी ।
-पर्यटन आगमनमा कमी ।
-व्यापार घाटामा वृद्धि ।
-सामाजिक र मनोवैज्ञानीक असर ।

**युद्ध र नेपालको अर्थतन्त्रमा यसको प्रभाव :** आन्तरिक राजश्वको दर कम भएको नेपालको अर्थतन्त्रमा वैदेशिक ऋण तथा अनुदानको भूमिका उल्लेख्य रहेको अवस्थामा नेपालको अर्थतन्त्रमा युद्धको प्रभाव नपर्ला भन्न सकिदैन् । यसैका काराण अर्थतन्त्रका धेरै सुचकहरु मध्ये वैदेशिक मुद्रा सञ्चिती, भुक्तानी सन्तुलन, व्यापार घाटामा कमि जस्ता पक्षमा प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ । इजरायल-इरान युद्धले विशेष गरेर ठूलो संख्यामा नेपाली रोजगारीमा रहेका साउदी अरब, कतार, संयुक्त अरब ईमिरेटस, कुवेत जस्ता देशलाई सबै भन्दा बढी प्रभाव पारेको कारण यसले वैदेशिक रोजगारी, कार्य घण्टा, तलब आदीमा नकरात्मक प्रभाव पारेको कारण रेमिटान्समा कमि आउने देखिन्छ । व्यक्ति तथा परिवारका लागि आम्दानीको ठूलो अंश उपभोग्य बस्तु तथा सेवा खरिदमा प्रयोग गर्नु पर्ने अवस्था उत्पन्न भएको छ भने देशका लागि वैदेशिक मुद्राको ठूलो अंश खर्च गरेर पेट्रोलिय पदार्थ तथा आयात व्यापार सञ्चालन गर्नु परेको छ । यसले वैदेशिक मुद्रा सञ्चितीमा असर परि रहेको देखिन्छ ।

**निष्कर्ष :** युद्धले उत्पन्न गर्ने गन्तव्य हानी नै हो । चाहे त्यो देश भित्रको होस्, चाहे त्यो दुई देशको होस् । उदाहरण हो युद्धले तहसनहस भएका देशहरु श्रीयां, यमन्, अफगानिस्थान, इराक, लिविया, सुडान, सोमलिया, युक्रेन । यी सबै आखा अगाडि देख्दा देख्दै पनि विश्वका शक्तिशाली ,शिक्षित देशहरुले समस्याको समाधान युद्धबाट नै हुने दिवा सपना देखिरहेको देखिन्छ । यसले ल्याउने परिणाम ध्वंस र क्षति नै हो । शक्तिशाली देशका स्वार्थ, व्यापारिक मुद्दा, आफुलाई विश्वमै शक्तिशाली रुपमा उभ्याउने चाहनाका कारण विभिन्न देशहरुविच युद्ध भैरहेको देखिन्छ । तर यसले विश्वभरकै जनजीवनलाई कति असर गर्दछ यस तर्फ देशहरुको ध्यान जानु जरुरी छ । समाधानको एउटै उपाय वार्तानै भएकाले युद्धलाई प्रोत्साहन गर्ने देशहरुले यसतर्फ ध्यान दिन जरुरी देखिन्छ । सबै प्रकारका युद्धहरु,अशान्तिहरु रोकियोस् । वार्तालाई समस्या समाधानको हतियार बनाईयोस् ।, सर्वश्रेष्ठ, सचेत नागरिकले सर्वश्रेष्ठ प्राणीको रुपमा जीवनयापन गर्न पाईरहुन् । यहि कामना गरौं । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेशामा नयाँ जिम्मेवारी बढ्नेछ। रोकिएको कामले गति लिनेछ। | **तुला** : धैर्य र संयमताले ठूलो उपलब्धि दिलाउन सक्छ। लाभ आर्जन गर्न सकिनेछ। |
| **वृष** : पारिवारिक जिम्मेवारी बढ्नेछ। उच्च शिक्षामा नयाँ अवसरहरू मिल्नेछन्। | **वृश्चिक** : सहकर्मीहरूबाट सहयोग मिल्नेछ। योजनाहरू सफल हुने संकेत देखिन्छ। |
| **मिथुन** : अनावश्यक चिन्ता बढ्न सक्छ तसर्थ काममा ध्यान केन्द्रित गर्नु आवश्यक छ। | **धनु** : कार्यक्षेत्रमा प्रगति हुनेछ। वरिष्ठ व्यक्तिबाट सम्मान मिल्ने सम्भावना छ। |
| **कर्कट** : दाम्पत्य जीवन सुमधुर रहनेछ। व्यापारबाट लाभ लिन सकिनेछ। | **मकर** : समाजमा मानसम्मान बढ्नेछ। अनुसन्धानको क्षेत्रमा सफलता मिल्नेछ। |
| **सिंह** : खर्च बढ्ने संकेत देखिन्छ त्यसैले योजना बनाएर खर्च गर्नु राम्रो रहेको छ। | **कुम्भ** : कुनै विशेष कामले टाढाको यात्रा गर्नुपर्ला। धार्मिक वा कार्यमा रुचि बढ्नेछ। |
| **कन्या** : शैक्षिक क्षेत्र फराकिलो हुनाले विद्यार्थीहरूको तर्कशक्तिमा विकास हुनेछ। | **मीन** : शुभचिन्तकहरूले साथ दिनेछन्। परिश्रमको राम्रो प्रतिफल प्राप्त हुनेछ। |

## कृषि

# गहुँको मूल्यमा गिरावट ,समर्थन मूल्य तोक्न किसानको आग्रह

कैलाली जिल्लाका किसानले यस वर्ष गहुँको उचित मूल्य पाएका छैनन् । गत वर्ष प्रतिक्विन्टल रु चार हजारमा गहुँ बेचेका किसान यस वर्ष करिब रु दुई सय कम मूल्यमा बिक्री गर्न बाध्य छन् । हाल गहुँ प्रतिक्विन्टल रु तीन हजार ८०० को हाराहारीमा बिक्री भइरहेको छ । यसैबीच केही दिनअघि परेको वर्षा र हुरीबतासले उत्पादनमा समेत क्षति पुगेको छ । किसान रुपलाल चौधरीले धेरै मेहनत गरेर खेती गरे पनि उत्पादनको उचित मूल्य नपाउँदा मर्का परेको बताए । "गत वर्षभन्दा कम मूल्यमा गहुँ बिक्री गर्नुपरेको छ, थोरै भए पनि बढी मूल्य पाउनुपर्ने थियो, समयमै मल र बीउ नपाउने, दुःख गरेर खेती गर्दा पनि उचित मूल्य नपाउने समस्या छ", उनले भने। टीकापुरका मञ्जित रावलले सरकारले गहुँको समर्थन मूल्य समयमै नतोकेका कारण किसानले उचित मूल्य पाउन नसकेको बताए । उनका अनुसार किसानले समयमै मल, बीउ नपाउने र बिक्रीका बेला पनि उचित मूल्य नपाउने समस्या झेलिरहेका छन् । केही दिनअघि हुरीबतासहितको वर्षाले गहुँ उत्पादनमा कमी आएको छ । अहिले सङ्कलन केन्द्रमा पनि उचित मूल्य पाइँदैन, किसानलाई जताबाट पनि घाटा भएको छ । टीकापुरका पहलमान साउदले भने प्रतिक्विन्टल रु चार हजार २०० का दरले चार क्विन्टल गहुँ खरिद गरेका छन् । गत वर्ष पनि यही मूल्यमा गहुँ खरिद गरेका उनलाई यस वर्षको मूल्य ठीकै लागेको बताउछन् । "गत वर्ष पनि यही मूल्यमा किनेको थिएँ, यस वर्ष मूल्य बढ्ला भनेर समयमै किन्न आएको थिएँ, पोहोरकै मूल्यमा पाएँ", उनले भने । टीकापुरस्थित भीम खाद्यान्न खरिदबिक्री केन्द्रका भीमबहादुर ठकुल्लाले राम्रो (केलाउन नपर्ने) गहुँ प्रतिक्विन्टल रु तीन हजार ८०० सम्ममा खरिद गर्ने गरेको बताए । "राम्ररी सफा नगरेको गहुँ रु तीन हजार ६०० मा खरिद गर्छौं, गुणस्तर हेरेर रु तीन हजार ९०० सम्म पनि दिन्छौं", उनले भने । खाद्यान्न व्यवसायीका अनुसार कैलालीमा खरिद गरिएको गहुँ नेपालगन्ज र धनगढीका मैदा मिलमा प्रतिक्विन्टल करिब रु चार हजारमा बिक्री हुने गरेको छ । ठकुल्लाले हालसम्म चार सय क्विन्टल गहुँ प्रतिक्विन्टल रु चार हजारका दरले बिक्रीका लागि नेपालगन्ज पठाइसके । पौडेल राइस मिलका सञ्चालक रामहरि पौडेलले किसानले अहिले गहुँ बिक्रीका लागि ल्याउन थालेको बताए । "यस वर्ष पानी र हुरीबतासले नपाक्दै गहुँ ढालेकाले सानो दाना र माटो मिसिएको गहुँ बिक्रीका लागि आएको छ", उनले भने, "गत वर्ष प्रतिक्विन्टल रु चार हजार २०० सम्ममा खरिद गरेको थिएँ । यस वर्ष रु तीन हजार ८५० देखि रु तीन हजार ९०० सम्ममा खरिद गरिरहेको छु ।" यस वर्ष सरकारले गहुँको समर्थन मूल्य तोकेको छैन । समर्थन मूल्य नतोकिँदा खाद्यान्न खरिदबिक्री केन्द्रहरूले मिलसँगको समन्वयमा खरिदबिक्री दर निर्धारण गरिरहेका छन् । गत वर्ष सरकारले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ८६७ रुपैयाँ ३८ पैसा निर्धारण गरेको थियो । विगतमा हरेक वर्ष वृद्धि गर्दै आएको समर्थन मूल्य यस वर्ष नतोकिँदा किसानले उचित मूल्य पाउन नसकेको गुनासो गरेका छन् । कृषि मन्त्रालयले समर्थन मूल्य निर्धारणका लागि अध्ययन गरी प्रस्ताव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइसकेको जनाएको छ । टीकापुर नगरपालिका कृषि विकास शाखाका कृषि प्राविधिक मोतिसिंह विकका अनुसार गहुँको समर्थन मूल्य समयमै तोकिएमा किसानलाई राहत मिल्नेछ । "समयमै समर्थन मूल्य तोकिएमा किसानले घाटामा बिक्री गर्नुपर्दैन र बिचौलियाबाट ठगिने सम्भावना पनि कम हुन्छ", उनले भने, "यस वर्ष भने मिल सञ्चालक र खरिदकर्ताले आफैँ मूल्य निर्धारण गरेका कारण किसानले उचित मूल्य पाउन सकेका छैनन् ।" **-रासस**



# असिनापानीले कृषि क्षेत्रमा तीन अर्बको क्षति

फागुनको अन्तिम सातायता झापामा पटक-पटक आएको हावाहुरी र असिनासहितको वर्षाले खेतबारी उजाड बनाएको छ । मुख्य खाद्यान्न र नगदेबालीका रूपमा रहेको मकैदेखि तरकारी, फलफूल र माहुरीपालनसम्ममा यसको असर परेको छ । जिल्ला कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार कृषि क्षेत्रमा फागुन अन्तिम सातादेखि चैत दोस्रो सातासम्मको अवधिमा मात्रै रु ३ अर्ब १९ करोड २९ लाख ८२ हजार बराबरको क्षति भएको छ। यसबाहेक १ अर्ब ७२ करोड ७३ लाख ७४ हजार ६ सय रुपैयाँ बराबरको बाली पूर्ण रूपमा नष्ट भएको छ । झापाका १५ वटै पालिकामा क्षति देखिए पनि सबैभन्दा ठूलो मार मकैबालीले बेहोरेको छ । हावाहुरीसँगै परेको असिनाले बालीनाली थिचिएपछि उत्पादन नै नउठ्ने अवस्थामा पुगेको किसानहरू बताउँछन् । सबैभन्दा प्रभावित क्षेत्रमध्ये बाह्रदशी गाउँपालिका रहेको छ । यहाँ लगाइएको मकैबालीमध्ये झण्डै ७५ प्रतिशत नष्ट भएको छ । सात वडा रहेको पालिकामा ८४० हेक्टर क्षेत्रफलमा लगाइएको मकैबालीमा क्षति पुगेको प्रमुख विष्टले बताए । मकैमा मात्रै रु २७ करोड २७ लाखभन्दा बढीको क्षति भएको छ भने आंशिक क्षति रु ७५ करोड ५७ लाख नाघेको छ । वडागत विवरणले क्षतिको गम्भीरता थप स्पष्ट पार्छ । बाह्रदशी-२ र ३ मा ठूलो क्षेत्रफलमा लगाइएको मकै पूर्ण रूपमा नष्ट भएको छ । अन्य वडामा क्षति भएको छ । बाह्रदशी गाउँपालिका-१ मा ४३९ हेक्टर क्षेत्रफलमा मकैखेती गरिएकामा २५ हेक्टर क्षेत्रफलमा पूर्ण र ३३ हेक्टर क्षेत्रफलमा आंशिक क्षति भएको छ । त्यस्तै बाह्रदशी-२ मा ७८० हेक्टर क्षेत्रफलमा मकैखेती लगाइएकामा ५९६ हेक्टरमा पूर्ण र ५७ हेक्टर क्षेत्रफलमा आंशिक क्षति भएको प्रमुख विष्टले बताए । बाह्रदशी ३ मा ६९३ हेक्टर क्षेत्रफलमा मकैखेती लगाइएकामा ५१९ हेक्टर क्षेत्रफलमा पूर्ण र ५० आंशिक क्षति भएको छ । बाह्रदी ४ मा ५४७ हेक्टर क्षेत्रफलमा मकै खेती लगाइएकोमा २६९ हेक्टर क्षेत्रफलमा पूर्ण र १३३ हेक्टर क्षेत्रफलमा आंशिक क्षति भएको छ । बाह्रदशी ५ मा ९५७ हेक्टर क्षेत्रफलमा मकैखेती लगाइएकामा १६७ हेक्टर क्षेत्रफलमा पूर्ण र ४०० हेक्टर क्षेत्रफलमा आंशिक क्षति भएको छ । बाह्रदशी ६ मा ६५३ हेक्टर क्षत्रेफलमा मकै खेती लगाइएकोमा २० हेक्टर पूर्ण र ६७ हेक्टर क्षेत्रफलमा आंशिक क्षति पुगेको प्रमुख विष्टले बताए । बाह्रदशी-७ मा ५३० हेक्टर क्षेत्रफलमध्ये ३३ मा पूर्ण र १०० हेक्टर क्षेत्रफलमा आंशिक क्षति भएको छ । मकैपछि तरकारी बालीमा उल्लेख्य असर परेको छ । विभिन्न वडामा साना क्षेत्रफल भए पनि तरकारी बाली नष्ट हुँदा दैनिक आम्दानीमा निर्भर किसान प्रत्यक्ष मारमा परेका छन् । तरकारी बालीतर्फ बाह्रदशी-१ मा १, बाह्रदशी-२ मा २, बाह्रदशी-३ मा ५, बाह्रदशी ४ मा ३, बाह्रदशी ५ मा २ बाह्रदशी ६ मा १ र बाह्रदशी ७ मा २ हेक्टरमा क्षति पुगेको हो । प्रमुख विष्टका अनुसार असिनासहितको वर्षा र हावाहुरीको दोहोरो प्रभावले किसान मारमा परेका छन् । "फूल लागेको र गोडाइको अवस्थामा रहेका बालीमा असिनाबाट अत्यधिक क्षति भयो", उनले भने । स्थानीय तहहरूले प्रारम्भिक तथ्याङ्क सङ्कलन गरिरहेका छन् भने राहत तथा पुनःस्थापनाका उपायबारे छलफल थालेको उनको भनाइ छ । **-रातोपाटी डटकम**



# पर्वतमा गहुँ बालीको प्रजनन् बिउ उत्पादन गरिँदै



पर्वतमा यस वर्षदेखि गहुँ बालीको प्रजनन बिउका लागि गहुँ खेती विस्तार गरिएको छ । यहाँको फलेवास नगरपालिका-६ देविस्थान चौबीसकुरियामा प्रजनन गहुँको मुल बिउको खेती गरी अनुसन्धान थालिएको हो । बिउ उत्पादनका लागि करिब पाँच हेक्टर क्षेत्रफलमा गहुँ बाली लगाइएको कृषि विकास कार्यालय पर्वतले जनाएको छ । राष्ट्रिय गहुँ अनुसन्धान परिषद् र कृषि विकास कार्यालयको सहयोगमा स्थानीय जातसँगै थप आठ प्रजातिका गहुँ अनुसन्धान गरिएको छ । 'आत्मनिर्भरताका लागि बिउ उत्पादन' कार्यक्रमअन्तर्गत बिउ उत्पादनमा लागिएको कार्यालयले जनाएको छ । सो कार्यालयका सूचना अधिकृत सोविता सुवेदीले गौतम, भेरीगङ्गा हिमगङ्गा, जिंकलगायतका जातमा अनुसन्धान भइरहेको जानकारी दिइन् । स्थानीय शक्ति कृषि तथा पशुपक्षी फार्ममार्फत २० जना किसानले एकै क्षेत्रमा प्रजनन गहुँको बिउ खेती गरिरहेका छन् । अन्य प्रजातिभन्दा यी जातका गहुँको बिउ राम्रो उत्पादन भएको जनाइएको छ । अन्य खेतीभन्दा सजिलो र सिँचाइको पहुँच पुगेकाले यस क्षेत्रका किसान हिउँदे बालीअन्तर्गत गहुँ खेतीमा लागेका छन् । गत वर्ष पनि पहाडी क्षेत्रको जात पहिचानका लागि राष्ट्रिय गहुँ बाली अनुसन्धान परिषद् भैरहवाले विभिन्न आठ जातमा गरेको अनुसन्धान सफल भएको थियो । यस वर्ष पनि हावापानी अनुकूल भएको भन्दै प्रजनन बिउ खेती गरिएको स्थानीय किसान रमेश चापागाईंले बताए । उनले कृषि प्राविधिक आफ्नै खेतबारीमा आएर गहुँको अनुसन्धान गर्दा कृषकलाई आगामी दिनमा गहुँ खेती गर्न सहज हुने बताए । कुन भूगोलमा कुन खेती गर्दा उत्पादन र आम्दानी गर्न सकिन्छ भन्ने चेतना वृद्धि भएको उनको भनाइ छ । वर्षेनी तापक्रममा भएको वृद्धि, जलवायु परिवर्तनले हिउँदे वर्षा नहुने, सिँचाइ अभावजस्ता कारण कृषकको गहुँ खेतीतर्फको आकर्षण घट्दै गएका बेला केन्द्रले निश्चित प्रजाति पहिचान गरेर सिफारिस गरेपछि गहुँ खेतीतर्फ आकर्षण बढ्ने उनले बताए । गत वर्ष गहुँका विभिन्न आठ प्रजनन बिउको अनुसन्धान गरिएकामा हालसम्म चार जात सिफारिसका लागि छनोट गरिएको छ । अनुसन्धान पछि एनएल ११७९, एनएल १४८८, एनएल १४८६, एनएल १४५० नामक गहुँको जात खेतीका लागि सिफारिसको तयारी गरिएको जनाइएको छ । यी प्रजाति समुद्री सतहदेखि ८०० मिटरको उचाइमा राम्रोसँग उत्पादन हुने जनाइएको छ । **-रासस**

# सरकारी कार्यक्रममा मही अनिवार्य गर्न माग




नेपाल डेरी एसोसिएसनले सरकारी तथा सार्वजनिक कार्यक्रमहरूमा विदेशी तथा कृत्रिम 'सफ्ट ड्रिंक्स' को सट्टा मही वा लस्सीलाई 'स्वागत पेय' का रूपमा अनिवार्य गर्न सरकारसँग माग गरेको छ । शनिबारदेखि मनाउन लागिएको 'दोस्रो राष्ट्रिय मही दिवस' का पूर्वसन्ध्यामा एसोसिएसनले विज्ञप्ति जारी गर्दै यस्तो माग गरेको हो । यस वर्ष 'महीको विश्वास, स्वास्थ्यको विकास : घरघरमा फैलाऔं अभियानको प्रयास' भन्ने नारासाथ मोही दिवस मनाइँदै छ । एसोसिएसनका महासचिव हेमचन्द्र खनालले चिया वा कफीको विकल्पमा शिक्षण संस्था, कर्पोरेट कार्यालय र अस्पतालहरूमा 'मही-ब्रेक' को अवधारणा विकास गर्नुपर्ने बताएका छन् । यसले बालबालिका र कर्मचारीको स्वास्थ्यमा सकारात्मक सुधार ल्याउने एसोसिएसनको विश्वास छ । एसोसिएसनले सरकारका तीनै तहलाई आफ्ना सार्वजनिक कार्यक्रम, बैठक र भोजहरूमा आयातित पेय पदार्थ प्रयोग रोक्ने नीति बनाउन आग्रह गरेको छ । चितवनको इच्छाकामना र काभ्रेको मण्डनदेउपुर जस्ता पालिकाहरूले मही प्रवर्द्धनमा गरेको प्रयासको प्रशंसा गर्दै देशभरिका ७ सय ५३ वटै स्थानीय तहलाई यसको सिको गर्न अनुरोध गरिएको छ । साथै, विद्यालयका क्यान्टिनहरूबाट कृत्रिम पेय पदार्थ विस्थापित गरी क्याल्सियम र प्रोबायोटिक्सको मुख्य स्रोत महीलाई स्थान दिनुपर्नेमा जोड दिइएको छ । महीमा क्याल्सियम, प्रोटिन र ल्याक्टिक एसिड प्रशस्त हुने भएकाले यसले पाचन प्रणाली सुधार्ने र रोग प्रतिरोधात्मक क्षमता बढाउने विज्ञप्तिमा उल्लेख छ । हाल बजारमा झन्डै दुई दर्जन उद्योग मार्फत दैनिक २५ हजार लिटर प्याकेजिङ मही खपत भइरहेको र आगामी वर्षभित्र यसलाई दोब्बर बनाउने लक्ष्य राखिएको एसोसिएसनले जनाएको छ । विदेशी पेय पदार्थको आयात रोक्दा बर्सेनि बाहिरिने अर्बौं रुपैयाँ स्वदेशमै रहने र ग्रामीण किसानले दूधको उचित मूल्य पाउने भएकाले महीको व्यावसायिकता बढाउन सरकारसँग सहुलियतको समेत माग गरिएको छ । ठेकी र मदानीको परम्परागत संस्कृति जीवन्त राख्न पनि मही अभियान आवश्यक रहेको बताइएको छ । मही दिवसका कार्यक्रम दोस्रो राष्ट्रिय मही दिवसका अवसरमा २८ चैत बिहान १०:४५ बजे महानगरीय ट्राफिक प्रहरी कार्यालय सातदोबाटो (ललितपुर) हुँदै उपत्यकाका विभिन्न स्थानमा निःशुल्क मही वितरण गर्ने कार्यक्रम छ । त्यस्तै दिउँसो २:३० बजे एसोसिएसनको शंखमूलस्थित कार्यालयमा पत्रकार सम्मेलन तथा कार्यक्रमको समापन गरिने जानकारी दिइएको छ । एसोसिएसनले 'स्वदेशी उत्पादनको उपभोग गरौं, आत्मनिर्भर अर्थतन्त्रमा टेवा पुऱ्याऔं' भन्ने मूल मर्म आत्मसात् गर्दै यस अभियानमा सहयोग गर्न सम्पूर्ण नागरिक समाज र सरोकारवालालाई अपिल गरेको छ । **-अनलाइन खबर डटकम**

# आज अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवस




**पाल्पा,** चैत २८/आज अप्रिल १२ अर्थात अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवस मनाइँदै छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरि दिवस मनाइँदै छ । अन्तरिक्षयात्री यूरी गागरीनले सन १९६१ मा भोस्तोक १ नामक अन्तरिक्ष विमानबाट पृथ्वीको अर्विटमा चक्कर लगाउन सफल भएको दिनको सम्झनामा अप्रिल १२ मा यो दिवस मनाउँदै आइएको हो ।

सन २०११ को अप्रिल ७ को संयुक्त राष्ट्र संघको महासभाको ६५ औं संस्करणले प्रत्येक वर्ष अप्रिल १२ लाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवसका रुपमा मनाउने निर्णय सदर गरेसँगै विश्वभर यो दिवस मनाउन थालिएको पाइन्छ । युरी गागरिन अन्तरिक्ष विमानबाट पृथ्वीको अर्विटमा चक्कर लगाउने पहिलो महिला समेत हुन् । आजको दिनले सबै मानवताको हितका लागि अन्तरिक्ष अन्वेषणको लागि मार्ग खुला पारेको थियो । रुसले यस दिवसलाई कसमेनोटिक्स डे का रूपमा मनाउँदछ भने पूर्व सोभियत संघका कतिपय राज्य र ठाउँहरुमा यस दिनलाई यूरी गागरीनको दिवस भनेर मनाउने चलन पनि छ । यो दिवसले मानव अधिकारस्थायी विकास लक्ष्य प्राप्त गर्न अन्तरिक्ष विज्ञान र प्रविधिको महत्वपूर्ण योगदानलाई विश्वसामु उजागर गर्दछ । आज अन्तर्राष्ट्रिय स्तरमा अन्तरिक्ष युगको सुरुवात गरेका युरी गागारिनको सम्झना गरिन्छ । युरी गागारिनको त्यो सफलता पछि उनलाई त्यसबेला विभिन्न सम्मानहरू प्रदान गरिएको थियो । संयुक्त राष्ट्र संघको अन्तरिक्षको मुद्दा हेर्ने कार्यालयले सबै स्पेस अन्वेषकहरूबाट सन्देशहरूको संकलन गरेर सबै माझ अद्यावधिक जारी गर्दछ । आजको दिनले मानवको अन्तरिक्ष सपनाको एउटा कोशेढुगांलाई उजागर गरेको छ ।

# पूर्वखोलाको सार्वजनिक...

...यस्तै विपन्न नागरिक औषधी उपचार अर्न्तगत ६ जना क्यान्सर, २ जना मुटु, ३ जना मृगौला, रोगीलाई सिफारिस प्रदान गरेको, जटिल रोगका ५३ जनालाई मासिक ५ हजारको दरले उपचार खर्च प्रदान गरेको, पालिकाको स्वास्थ्य संस्थाबाट ७ हजार ५ सय २९ जना नयाँ विरामीले उपचार सेवा लिएको, १ सय १२ जनाले पूर्णखोप पाएको, १९ जना क्षयरोगी भेटिएको, ३५ जना स्वास्थ्य संस्थामा र अन्य अस्पतालमा ६७ जना गरी १ सय २ प्रसुती सेवा लिएका पालिकाले सार्वजनिक सुनुवाईमा जानकारी गराएको छ । यस्तै शिक्षातर्फ ३६ जना अविभावकविहिन बालबालिकालाई ६ हजारदेखी ९ हजारका दरले छात्रबृत्ति उपलब्ध गराएको, कक्षा ११ र १२ मा अध्ययन गर्ने सबै छात्रालाई ३ सयका दरले छात्रबृत्ति वितरण गरेको पालिकाले जनाएको छ । पालिकाको शिक्षातर्फ २१ करोड ४६ लाख ४० हजार बजेट मध्ये १४ करोड २७ लाख ७७ हजार खर्च भएको सार्वाजनिक सुनुवाईमा जानकारी दिइएको छ । यसैगरी कृषितर्फ २ सय २८ जना कृषकलाई ५ सय ७० केजी तोरीको विउ वितरण गरेको, २ सय ७ जना कृषकलाई २० हजार किलो जैविक मल वितरण गरेको, हेक्लाङ्गमा तरकारी पकेट कार्यक्रमको लागि १२ लाखको लागतमा साझेदारी कार्यक्रम अगाडि बढाइएको, ९१ जना कृषकको माटो परीक्षण भएको, कृषकहरुलाई ६ हजार ९ सय ४४ केजी मकैको विउ वितरण गरेको, ३ हजार ३ सय किसानलाई करेसावारी अर्न्तगत कम्पोजिट विउ वितरण गरेको पालिकाले जनाएको छ । पालिकाको बार्षिक योजना र कार्यक्रममा ३ सय ४९ वटा योजना रहेकोमा १ सय १ वटा सम्पन्न भएको, ८० वटाको काम भईरहेको, बजेटको सुनिश्चितता नहुँदा १ सय ५६ वटा योजना सम्झौता हुन बाँकी रहेको, ठेक्काबाट १६ वटा योजनाको काम तथा प्रक्रिया अगाडि बढेको प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले बताए । गाउँपालिकाले प्रदान गरेका सेवा तथा सञ्चालन गरेका विकास निर्माणको बारेमा आमजनतालाई जानकारी गराउने, जनताको प्रतिक्रिया लिने, जनताका गुनासोहरु सुन्ने र पालिकाको सेवा प्रवाहमा सुशासन, जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने, विकासमा जनताको अपनत्व बढाउन सार्वजनिक सुनुवाई गरिएको उनको भनाई छ । कार्यक्रममा विपद व्यबस्थापन, नापी नक्सा, सामाजिक विकास शाखा, न्यायिक समिति, बालमैत्री स्थानीय शासन, सामाजिक सुरक्षा भत्ताको बारेमा समेत हालसम्म भएका कामहरुको बारेमा जानकारी गराईएको थियो । जहाँ नागरिकले विभिन्न गुनासा तथा सुझाव राखेका थिए । उनीहरुले पालिकाबाट स्थलगत निरिक्षण गरेर आवश्यकताको आधारमा मात्र कार्यक्रम बजेट बनाउनु पर्ने, ३ लाख भन्दा मुनिका योजना एकै पटक सक्ने गरी बजेट विनियोजन गर्नुपर्ने, महिला, दलित लक्षित कार्यक्रम काटिएकाले पुन: सञ्चालन गर्नुपर्ने, गाउँ-गाउँमा रोजगारीमुलक दिगो कार्यक्रम सञ्चालन गुर्नुपर्ने, पालिका तथा वडाले गर्ने विविध कार्यक्रमहरु घोषित समयमै गर्नुपर्ने, नापी नक्साको सचेतना शिविर वडा-वडामा सञ्चालन गर्नुपर्ने, युवा लक्षित कार्यक्रम बढाउनुपर्ने लगायतका सुझाव तथा जिज्ञासा राखेका थिए । कार्यक्रममा आएका गुनसाहरुको पालिका अध्यक्ष नुनबहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत राजु नेपाल, वडा अध्यक्ष निर बहादुर सारु लगायतले जवाफ दिएका थिए । पालिका अध्यक्ष थापाले जनताले उठाएका गुनासा, सुझावहरुलाई कार्यान्वयन गरिने बताए । जनताबाट आएका सुझाव गुनसा केही प्रमुख प्रशासकीय अधिकृत मार्फत नै तत्कालै सम्वोधन हुने छन् भने केही कार्यपालिकाको बैठकमा राखी सम्वोधन गरिने उनको भनाई छ । गाउँपालिमा शुसासन कायम गर्न, गाउँपालिकालाई नमुना पालिका बनाउन, सबै किसिमका विकासका गतिविधिलाई अघि बढाउन, सबै नागरिक एक भएर लाग्नु पर्नेमा उनले जोड दिए । जनताको स्वास्थ्यलाई केन्द्रमा राखेर सबैभन्दा बढी बजेट विनियोजन गरेर काम गरेकाले पाल्पा जिल्लामै प्रथम गाउँपालिका भएको अध्यक्ष थापाले बताए । उनले भने “सबै स्वास्थ्य चौकीमा दक्ष कर्मचारी सहितको दरवन्दीको व्यवस्था गरेका छौं, गाउँ-गाउँमा ल्याव सेवादेखी सुगर, प्रेसर जस्ता रोगहरुको नियमित चेकजाँच देखी वडा-वडाको सबै स्वास्थ्य चौकीमा प्रसुती सेवाहरु सञ्चालनमा रहेकाछन् ।” पाल्पा विकास केन्द्रको सहजीकरणमा भएको सार्वजनिक सुनुवाई कार्यक्रम पालिका अध्यक्ष नुन बहादुर थापाको अध्यक्षता, उपाध्यक्ष भागिरथी शर्मा भट्टराईको स्वागत र केन्द्रका संयोजक किरण कौशलको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

### पीएम कप क्रिकेट
### बागमतीले मधेशलाई हरायो



**काठमाडौं,** चैत २८/प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेश र एपीएफ क्लब विजयी भएका छन् । वीरगञ्जमा भएको खेलमा बागमतीले मधेश प्रदेशलाई ३५ रनले हरायो । बागमतीले दिएको २०९ रनको लक्ष्य पछ्याएको मधेश ३४ ओभर ३ बलमा १७३ रनमा अलआउट भयो । मधेशका मयन यादवले ४० रन बनाए । बागमतीका प्रतिस जिसीले ५ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको बागमतीले ४८ ओभर ४ बलमा २०८ रन बनाउँदा सबै विकेट गुमायो । बागमतीका उत्तम मगरले ४४ रन बनाए । मधेशका पवन सर्राफले ३ विकेट लिए । यो जीतसँगै बागमती ८ खेलमा ८ अङ्कसहित तालिकाको छैटौं स्थानमा उक्लिएको छ । मधेश ७ खेलमा ९ अङ्कसहित चौथो स्थानमा छ । यस्तै जनकपुरमा भएको खेलमा एपीएफले कोशी प्रदेशलाई ५ रनले हरायो । एपीएफले दिएको २२६ रनको लक्ष्य पछ्याएको कोशी ४९ ओभर ५ बलमा २२० रनमा अलआउट भयो । कोशीका अङ्कित सुवेदीले ७२, सुमन श्रेष्ठले ६५ रन बनाए । एपीएफका अभिषेक गौतमले ४ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको एपीएफले ४७ ओभर ५ बलमा २२५ रन बनाउँदा सबै विकेट गुमायो । एपीएफका सन्दीप जोराले ७२, सुमित महर्जनले ५७ रन बनाए । कोशीका सुजन थपलियाले ३ विकेट लिए ।


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# बजेट बनाउने तयारीमा जुट्यो लुम्बिनी प्रदेश सरकार




**दाङ,** चैत २८/लुम्बिनी प्रदेश सरकार आर्थिक वर्ष २०८३/८४ का लागि बजेट बनाउने तयारीमा जुटेको छ । प्रदेश सरकारले आर्थिक मामिला तथा योजना मन्त्रालयको संयोजनमा राजस्व परामर्श समिति गठन गरी बजेट निर्माणसँग सम्बन्धित काम सुरु गरेको हो ।

हरेक वर्ष घाटा बजेट तय गर्दै आएको प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बजेटको आकार घटाउने दाबी गर्दै त्यसको अध्ययनका लागि उपसमितिहरु पनि गठन गरेको छ । संघीय सरकारले केही ढिला गरी बजेट सिलिङ पठाएको छ । सिलिङ पठाएसँगै बजेटको तयारी गरिएको लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । संघीय सरकारले चालु आर्थिक वर्षभन्दा आगामी आर्थिक वर्षका लागि सामान्य वृद्धि गरेर सिलिङ पठाएको छ । प्रदेश सरकारले आउँदो आर्थिक वर्षका लागि ३३ अर्बभित्र बजेट ल्याउने तयारी गरेको स्रोतले जनाएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको बजेट प्रदेशको वास्तविक अवस्थाअनुसार तयार गरिने बताएका छन् । कार्यान्वन गर्न सकिने बजेट ल्याउन उनले निर्देशनसमेत दिएका छन् । प्रदेश सरकारले चालु आथिक वर्ष २०८२/८३ मा चालु वर्षमा ३८ अर्ब ९१ करोड बजेट ल्याएको हो । जसमा पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार रुपैयाँ र चालुतर्फ १५ अर्ब ४३ करोड ८५ लाख ३५ हजार रुपैयाँ बजेट रहेको छ । मन्त्रालय स्रोतका अनुसार आउँदो आर्थिक वर्षमा यसलाई घटाएर बजेट ल्याइनेछ । सरकार यसपटक प्रभावकारी कार्यान्वन गर्ने गरेर बजेट ल्याउने तयारीमा जुटेको मन्त्रालय स्रोतको भनाइ छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई